# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


प.सं.:- ०७७/७८ मिति:- २०७७/१२/११

दक्षिणकाली नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

**विषयः घर भाडामा लिने पुनः सूचना सम्बन्धमा ।**

यस दक्षिणकाली नगर कार्यपालिकाको कार्यालयबाट दिने सेवा प्रवाहका लागि प्रशासकीय भवन भाडामा लिन आवश्यक भएको हुँदा यस कार्यालयबाट मिति २०७७/१०/१८ गते प्रकाशित सूचना अनुसार पर्याप्त मात्रामा आवेदन प्राप्त नभएकोले पुन: यो घर भाडामा लिने सम्बन्धी सूचना प्रकाशित गरिएको छ । तपसिलको कागजात तथा मापदण्ड पुगेका घर भाडामा दिन इच्छुक घरधनीहरुले सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र आफूले लिन चाहेको मासिक भाडा दर खुलाई यस कार्यालयबाट प्राप्त फाराम भरी पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

**तपसिल:**

१. यातायात सहजै पुग्ने व्यवस्था भएको ।

२. साविक कार्यालयबाट १०० मिटरको दूरी भित्र ।

३. जेष्ठ नागरिक, अशक्तहरु सहजै पुग्न सक्ने ।

४. धारा, बिजुली जडान भएको र शौचालयको सुविधा भएको ।

५. कम्तीमा १२ कोठा भएको ।

६. घर पूर्ण रुपमा खाली भएको ।

७. मासिक रु.१,००,०००।-(अक्षरुपी एक लाख रुपैयाँ बहाल कर सहित) भन्दा बढी घर भाडा नहुने गरी ।

८. यस अघि प्रकाशित सूचना बमोजिम आवेदन पेश गरेका घरधनीहरुले आफ्नो घर भाडामा दिन चाहेमा पुन: आवेदन गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरु:**

१. नगरपालिकाबाट उपलब्ध हुने फाराम भरी पेश गर्नुपर्ने ।

२. जग्गाधनीको प्रमाण-पूर्जाको प्रतिलिपि

३. नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

४. तिरो तिरेको रसिदको प्रतिलिपि

५. घर नक्सापास प्रमाण-पत्रको प्रतिलिपि

२०७७/१२/११

(तुलसी बहादुर श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत